नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ अंक १० २०७९ साल साउन १२ गते बिहीबार (28 July 2022 Thursday) मूल्य रु. ५/-




**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : स्थानीय तह निर्वाचमा तोकिएभन्दा.. ३ पृष्ठमा : सूचना लुकाउने परीक्षा ... ३ पृष्ठमाचीनद्वारा ६ वटा नयाँ उपग्रह...

# विद्यालय बन्द रहेको दिनको पनि खाजा भत्ता निकासा

# छात्राको स्यानिटरी प्याड महिला कर्मचारीलाई



**दैनिक समाचारदाता**
**राजविराज, ११ साउन ।**

सप्तरीको बोदेवर्साइन नगरपालिकामा विद्यालय पुर्णरुपमा बन्द रहेको अवस्थामा पनि खाजा भत्ता अन्तरगतको बजेट भुक्तानी गरिएको खुलासा भएको छ ।

महालेखा परिक्षकको वार्षिक प्रतिवेदन २०७८ अनुसार नगरपालिकाले दिवा खाजा कार्यक्रम अर्न्तगत २०७६ फागुन २० गते मातहतका १९ सामुदायिक विद्यालयलाई १५ दिनको मात्र निकासा दिनु पर्नेमा ३५ दिनको भुक्तानी दिइएको उल्लेख छ ।

विद्यालय पुर्ण बन्दाबन्दी रहेको अवस्थामा समेत पहिलो चरणमा १० लाख २० हजार ९ सय र दोश्रो चरणमा १० विद्यालयलाई ६ लाख ३४ हजार २ सय रुपैया निकासा गरी कुल १६ लाख ५५ हजार १ सय रुपैया व्ययभार बढाएको भन्दै प्रतिवेदनले निर्देशिका व्यवस्था अनुसार उक्त रकम सम्बन्धित विद्यालयबाट असुल गरी संघिय संचित कोषमा दाखिला गर्नु पर्ने जनाएको छ ।

नगरपालिकाले मातहतका ८ विद्यालयलाई विभिन्न प्रयोजनका लागी आर्थिक वर्षको अन्तिम दिन २ करोड ८० लाख ६० हजार निकासा दिए पनि निकासा प्रयोजन अनुरुप ती विद्यालयले निर्माण कार्य संचालन गरे/नगरेको सम्बन्धमा नगरपालिकाबाट कुनै अनुगमन नभएको पाइएको तथा निर्माण कार्य प्रगति प्रतिवेदन समेत पेश नभएको प्रतिवेदनमा उल्लेख छ ।

यस्तै सरकारले तोके अनुसारको कोष नै खडा नगरी कोरोना नियन्त्रण शिर्षकमा खर्च देखाएर १ करोड भन्दा बढी रकम ब्ययभार थपिएको खुलासा भएको छ ।

अर्थमन्त्रालयको २०७६ चैत्र २१ गतेको पत्रानुसार प्रत्येक स्थानीयतहमा कोरोना संक्रमण रोकथाम नियन्त्रण र उपचारका लागी छुट्टाछुट्टै कोषको स्थापना गरी सोही कोषबाट खर्च गर्नू पर्ने व्यवस्था गरेको छ । तर नगरपालिकाले उपरोक्त व्यवस्थाको पूर्ण वेवास्ता गर्दै सो अनुसारको कुनै कोष खडा नगरी स्थानीयतहको संचित कोष र प्रदेश कोभिड कोषबाट प्राप्त भएको रकम कोषमा जम्मा नगरी खर्च गरेको पाइएको प्रतिवेदनमा उल्लेख छ ।

नगरपालिकाले प्रदेश संचित कोषबाट १५ लाख र स्थानीयतह कोषबाट १ करोड २९ लाख ५५ हजार रुपैया राहत वितरण, जनशक्ति परिचालन, औषधी एवं स्वास्थ्य उपचार तथा समान खरिद र क्वाराईनटाइन प्रयोजनका लागी प्राप्त गरे पनि संचालन र व्यवस्थापन प्रयोजनको एकमुष्ट खर्च देखाएर कुन क्वारेन्टाइनमा कति खर्च भएको हो सो को यकिन गर्न नसकिएको तथा खर्च भएर नजाने सामाग्रीको हालको अवस्था पनि के कस्तो छ भन्ने यकिन गर्न न सकिएको प्रतिवेदनमा उल्लेख छ ।

समाजिक सुरक्षा ऐन २०७५ को दफा ७ को उप दफा ३ मा समाजिक सुरक्षा भत्ताको भुक्तानी बैंकिङ्ग प्रणालीबाट मात्र गरिनु पर्ने व्यवस्था भएपनि नगरपालिकाले वडा सचिव प्रयाग लाल यादव र धीरेन्द्र यादवको नाममा १ लाख ८२ हजार पेश्की दिएको पाइएकोले नियमानुसार सो रकम फर्छ्यौट हुनु पर्ने महालेखा परिक्षकको प्रतिवेदनले देखाएको छ ।

यस्तै प्रतिवेदनमा स्यानीटरी प्याड वितरणमा समेत अनियमितता भएको उल्लेख गरिएको छ । विद्यालयका छात्राहरुलाई वितरण गर्नू पर्ने स्यानिटरी प्याड पालिकाका महिला कर्मचारीलाई ४५ प्याकेटका दरले वितरण गरेको पाइएको उल्लेख गर्दै महालेखा परिक्षकको प्रतिवेदनले सोको रकम सम्बन्धित महिला कर्मचारीबाट असुल गरी संघिय संचित कोषमा दाखिला गर्नू पर्ने औल्याएको छ ।

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ को उपनियम १ को (क) मा २० लाख रुपैया सम्मको औषधीजन्य मालसमान उत्पादकले राष्ट्रियस्तरको समाचार पत्रमा प्रकाशित गरी तोकेको विक्री मुल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भएपनि पालिकाले सो को वेवास्ता गर्दै १९ लाख ९९ हजार ४ सय ४० रुपैयाको औषधी खरिद गरेको पाईएको जनाउँदै प्रतिवेदनमा यसरी खरिद गरिएको औषधी कुन कम्पनीबाट उत्पादन भएको हो र सो को मुल्य कुनै राष्ट्रिय पत्र पत्रिकामा समेत प्रकाशन न गरेको पाइएको उल्लेख छ ।

यसरी आपुर्ती भएका औषधी एवं सर्जिकल समान स्टोर दाखिला हुनु अघि स्पेशीफिकेशन अनुसार भए/नभएको न खुलाएका कारण औषधीको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न समेत न सकिएको प्रतिवेदनले जनाएको छ ।

आर्थिक कार्यवीधी नियमावली २०६४ को नियम ८० मा सरकारी कामकाजको निम्ती एक आर्थिक वर्षमा गएको पेश्की रकम सोही आर्थिक वर्षमा फर्छ्यौट हुन नसकेमा कार्यालय प्रमुखले सो पेश्की रकमको नाम नामेसी सहितको के के वापतको पेश्की गएको हो सो समेत खुलाइ जिम्मेवारी अर्को आर्थिक वर्षमा सारी प्रमाणित गर्नु पर्ने र यसरी सारिएको पेश्की नियमावली वमोजिम फर्छ्यौट गर्नू पर्ने व्यवस्था छ ।

तर, कार्यालयले १ करोड ६४ लाख २२ हजार ६८ रुपैया हाल सम्म फर्छ्यौट नगरेको समेत प्रतिवेदनले जनाएको छ ।

**जग्गा बिक्रिमा**

राजविराज वडा नं. ७ खर्साल टोल (पुरानो सिडिओ अफिस नजिक रहेको नाला छेउ) मा एकतल्ले घर भएको १४ धुर जग्गा बिक्रिमा रहेकोले खरीद गर्न चाहने महानुभावले निम्न मोबाइल नं. मा सम्पर्क गर्नुहोला ।

**मोवाइल नं. ९८०५९२२९०९, ९८१९९५१४०२**

# पाँच हजार ५५ जनाले निर्वाचन खर्च विवरण बुझाएनन्

**दैनिक समाचारदाता**
**राजविराज, ११ साउन ।**

गत बैशाख ३० गते सम्पन्न स्थानिय तह निर्वाचनमा सप्तरीबाट उम्मेदबार बनेकाहरु मध्येबाट ५ हजार ५५ जनाले निर्वाचन खर्च विवरण बुझाएका छैनन् ।

जिल्ला निर्वाचन कार्यालय सप्तरीका प्रमुख रमेशकुमार जोशीका अनुसार जिल्लाभरमा ५ हजार ५ सय ३७ जना उम्मेदवार बनेका थिए । निर्वाचन आयोगले तोकेको समय सीमा अवधीमा जिल्लाका ४ सय ८२ जनाले मात्र निर्वाचन खर्च विवरण बुझाएको उनको भनाई छ ।

निर्वाचन खर्च विवरण बुझाएका मध्येबाट निर्वाचित पदाधिकारी, पराजित उम्मेदवार, वडा अध्यक्ष, वडा सदस्यहरु पनि छन् ।

यसैबीच बुधबार जिल्लाको मतदान स्थलहरुको स्थलगत निरिक्षण गरिएको छ । आउँदो प्रदेश र संघीय निर्वाचनलाई मध्यनजर गर्दै ती मतदान स्थलहरु सार्ने, दुई स्थाललाई एउटामा गाभ्ने, थप्ने र सार्नु पर्ने राजनीतिक दलहरुबाट आएको जिज्ञासा अनुसार मतदान स्थलहरुको निरिक्षण गरिएको निर्वाचन प्रमुख जोशीले बताए ।

सो स्थलगत निरिक्षण टोलीमा सुरक्षा निकायका अधिकृत, जिल्ला प्रशासन कार्यालयका प्रतिनिधि, निर्वाचित प्रतिनिधिहरुको प्रतिनिधि लगायतको सहभागिता रहेको थियो ।

**जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?**

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, www.janajyoticoop.com.np**

## सम्पादकीय ....

# पुनः कोरोनाको जोखिम बढ्दै

पुनः नेपालमा कोरोनाका संक्रमितहरु बढ्दै गएका छन् । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनस्वास्थ्यका मापदण्ड पूर्ण रुपमा पालना गर्न नागरिकलाई आग्रह समेत गरेको छ । विगतका तीन वर्षदेखी सम्पूर्ण विश्व कोरोनाको त्रासमा रहेको बेला पुनः नेपालमा विगत दुई सातादेखी संक्रमितहरु बढ्दै जाँदा थप चुनौती बढेको छ । यस्तो अवस्थामा सम्पूर्ण नागरिक पुनः सचेत हुने बेला आएको छ ।

यसका लागि सामाजिक दुरी कायम राख्नु अति आवश्यक छ भने सरकारले तोकेको स्वास्थ्य मापदण्डको पालना गर्नु पनि उत्तिकै जरुरी छ । नेपाल मात्र नभएर छिमेकी मुलुक भारतमा पनि कोरोना संक्रमितहरु बढ्दै जाँदा भारतीय सीमानाका सँग जोडिएका नेपालका जिल्लाहरुमा थप सतर्कता अपनाउन आवश्यक छ ।

तसर्थ संक्रमणबाट जोगिन सबै सचेत रहौं र सरकारले तोकेको स्वास्थ्य मापदण्डको पूर्ण पालना गर्न सबै सजग रहनु जरुरी छ । माहामारीलाई नियन्त्रण र यसबाट बच्ने सावधानीका उपाय मात्र भएकोले यसप्रति सबै जागरुक र अग्रसर हुनु आवश्यक छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

# स्थानीय तह निर्वाचमा तोकिएभन्दा रु तीन अर्ब कम खर्च

काठमाडौँ, १० साउन (रासस) ।

निर्वाचन आयोगले 'स्मार्ट र मितव्ययी' निर्वाचन गराउन सङ्कल्प गरेअनुसार गत वैशाख ३० गते सम्पन्न स्थानीय तह निर्वाचन, २०७९ मा लक्षित गरिएको रकममा रु तीन अर्ब ६९ करोड ६० लाख रकम नेपाल सरकारमा फिर्ता भएको जनाएको छ ।

निर्वाचनका लागि नेपाल सरकारबाट रु आठ अर्ब ११ करोड निकासा भएकामा आयोगको सचिवालयबाट रु एक अर्ब २६ करोड ३१ लाख, मुख्य/निर्वाचन अधिकृतको कार्यालय (सात सय ५३) बाट रु ३५ अर्ब ४१ करोड २७ लाख, निर्वाचन कार्यालय (७७) बाट रु ४१ करोड ३३ लाख, गृहमन्त्रालयमार्फत मतपेटिका ढुवानी रु चार करोड ५० लाख, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमार्फत रु १४ लाख ५० हजार खर्च भएको आयोगले मंगलबार पत्रकार सम्मलन गरेर जानकारी दिएको छ ।

स्थानीय तहको निर्वाचनको खर्च पछिल्ला निर्वाचनको तुलनामा सबैभन्दा मितव्ययी देखिएको छ । आयोगका अनुसार स्थानीय निर्वाचनमा आन्तरिक स्रोतबाट रु पाँच अर्ब ४० करोड ३९ लाख दुई हजार ७६ र बाह्य स्रोतबाट सामान्य प्राविधिक र व्यवस्थापकीय सहयोग मात्र लिइएको थियो । सो निर्वाचनमा प्रति मतदानकेन्द्र रु दुई लाख २९ हजार ७८ खर्च भएको थियो । निर्वाचनमा गत निर्वाचनको तुलनामा कम एक जना मतदाता बराबर रु दुई सय ८४ खर्च भएको छ ।

आयोगले नेपाल सरकारमा रु तीन अर्ब ६९ करोड ६० लाख सात हजार एक सय २४ फिर्ता गरेको छ । स्थानीय तह सदस्य निर्वाचन, विसं २०७९ मा भएको कूल खर्चमध्ये २० दशमलव ३६ प्रतिशत आयोगको सचिवालयबाट भएको छ भने बाँकी रकम विकेन्द्रीकृत ढङ्गले विभिन्न मन्त्रालय र अन्य कार्यालयबाट खर्च भएको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले जानकारी दिनुभयो ।

संविधानसभा निर्वाचन, विसं २०७० मा आन्तरिक र बाह्य स्रोत गरी रु पाँच अर्ब ९८ करोड ८९ लाख ९५ हजार खर्च भएकोमा प्रतिमतदान केन्द्र खर्च रु तीन लाख १८ हजार नौ सय ८८ भएको थियो । यो निर्वाचनमा प्रतिमतदाता खर्च रु चार सय ९३ पर्न गएको थियो । त्यसैगरी स्थानीय तह निर्वाचन, विसं २०७४ मा आन्तरिक र बाह्य स्रोत गरी जम्मा रु सात अर्ब १५ करोड ७७ लाख १९ हजार खर्च हुँदा प्रतिमतदान केन्द्र खर्च रु तीन लाख ८५ हजार तीन सय ८३ र प्रतिमतदाता खर्च रु पाँच सय नौ भएको थियो ।

प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन, विसं २०७४ मा आन्तरिक स्रोतबाट रु सात अर्ब ८० करोड १४ लाख ४९ हजार खर्च भएको थियो भने बाह्य स्रोतबाट प्राविधिक र व्यवस्थापकीय सहयोग मात्र लिइएको थियो । उक्त निर्वाचनमा प्रतिमतदान केन्द्र खर्च रु तीन लाख ९३ हजार आठ सय ३४ भएकोमा प्रतिमतदाता खर्च रु पाँच सय छ रहेको थियो ।

**निर्वाचनको समग्र विवरण**

आयोगले निर्वाचनबाट विजयी दल र उम्मेदवार तथा प्राप्त मत सङ्ख्याको विस्तृत विवरण पनि सार्वजनिक गरेको छ । आयोगको परामर्शअनुसार विसं २०७८ माघ २४ गते नेपाल सरकारले विसं २०७९ वैशाख ३० गते एकै चरणमा सम्पन्न हुने गरी निर्वाचनको मिति तोकेकोमा २०७९ साउन ८ गते बाजुरा जिल्ला समन्वय समितिको निर्वाचन सम्पन्न भएसँगै स्थानीय तह सदस्य निर्वाचन, विसं २०७९ पहिलोपटक एकै चरणमा सम्पन्न भएको छ । कूल मतदाता एक करोड ७७ लाख ३३ हजार सात सय २३ (पुरुष मतदाता ८९ लाख ९२ हजार १० (५० दशमलव ७१ प्रतिशत), महिला मतदाता ८७ लाख ४१ हजार पाँच सय ३० ( ४९ दशमलव २९ प्रतिशत) र अन्य मतदाता एक सय ८३ (० दशमलव ००१ प्रतिशत) रहेको जनाइएको छ । निर्वाचनमा मतदानस्थल १० हजार सात सय ५६, मतदान केन्द्र २१ हजार नौ सय ५५, कूल उम्मेदवार एक लाख ४५ हजार १३ रहेका थिए । त्यसमा पुरुष उम्मेदवार ८९ हजार तीन सय १४ (६१ दशमलव ५९ प्रतिशत), महिला उम्मेदवार ५५ हजार छ सय९९ (३८ दशमलव ४१) थिए ।

निर्वाचित हुने कूल पद ३५ हजार दुई सय २१ ( पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीअनुसार), कूल निर्वाचित ३५ हजार ९७ (पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीअनुसार), रिक्त रहेको पद सङ्ख्या एक सय २४ (१२३ पदमा दलित महिला सदस्य र एक पदमा महिला सदस्य) को उम्मेदवारी मनोनयन नभएको आयोगले जनाएको छ । निर्विरोध निर्वाचित तीन सय ९० मध्ये निर्वाचित (पुरुष) २० हजार छ सय ३१ (५९ प्रतिशत) र निर्वाचित (महिला) १४ हजार चार सय ६६ (४१ प्रतिशत) छन् । (स्थानीय तह निर्वाचन, विसं २०७४ मा ४० दशमलव ७५ प्रतिशत रहेको थियो)

यस निर्वाचनमा मतदान प्रतिशत ७० दशमलव ९६, पुनः मतदान भएका केन्द्र ८७, सम्पूर्णरुपमा बदर मत दुई दशमलव चार प्रतिशत, अनुगमन टोली १९, पर्यवेक्षण संस्था ३७, कूल पर्यवेक्षक सङ्ख्या पाँच हजार तीन सय तीन, निर्वाचन प्रयोजनका लागि दर्ता भएका दल ७९, निर्वाचनमा भाग लिएका दल ६५, स्थानीय तहमा प्रतिनिधित्व गर्ने दल २४, मतपत्रको किसिम १३०, सानो मतपत्र छ लहर, ठूलो मतपत्र ६४ लहर, निर्वाचन सामग्री ५७ प्रकार (केन्द्रबाट व्यवस्थापन ४२, जिल्ला तहबाट १५) रहेका थिए ।

आयोगले नेपालको संविधान तथा प्रचलित कानूनको अधिनमा रही निर्वाचन सञ्चालन तथा व्यवस्थापनलाई थप प्रभावकारी बनाउन केही नवीन अभ्यास गरेको थियो । तीमध्ये सथानीय तह सदस्यमा उम्मेदवार हुन तत्काल पदमा बहाल भएका पदाधिकारीले राजीनामा दिनुपर्ने, उम्मेदवारको योग्यता, राजीनामा, पेश्की, बेरुजु आदि विषयमा स्वघोषणा गर्नुपर्ने, मतगणना स्थलमा सिसिटिभी क्यामरा जडान तथा आयोगबाट अनुगमन, राष्ट्रिय मान्यता प्राप्त बाहेकका अन्य दलहरूलाई समेत सम्बन्धित दलकै चुनाव चिन्ह प्रदान, उम्मेदवारी मनोनयनका लागि दुई दिनको समयको उपलब्धता, निर्वाचनलाई प्रभाव पार्ने गरी सामाजिक सञ्जालमार्फत हुनसक्ने मिथ्या सूचना र दुष्प्रचारलाई निर्वाचन आचारसंहितामा समावेश गरी तिनको अनुगमन आदि छन् ।

यस्तै निर्वाचनको अघिल्लो दिन १८ वर्ष उमेर पूरा हुने मतदातालाई मताधिकार, विज्ञापनमार्फत हुनसक्ने आचारसंहिता उल्लङ्घन रोक्न विज्ञापन बोर्डबाट अनुगमन, मतदान कार्यमा स्थानीय तहमा कार्यरत जनशक्तिलाई नै खटाउन प्राथमिकता, निर्वाचनमा महिला प्रतिनिधित्व सुनिश्चित गराउन राजनीतिक दललाई निर्देशन, मतदानस्थल पहुँचयोग्य बनाउन मापदण्ड निर्धारण गरी विशेष प्रयत्न भएको थियो ।

# संक्रमणबाट एकको निधन, पाँच सय ६४ संक्रमित

काठमाडौँ, ११ साउन (रासस) ।

कोरोना भाइरसको सङक्रमण बुधबार पाँच सय ६४ मा देखिएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जारी गरेको नियमित पत्रकार सम्मेलनमा मन्त्रालयका सहप्रवक्ता डा समिरकुमार अधिकारीले चार हजार चार सय ५४ परीक्षणमध्ये बुधबार पाँच सय ६४ मा सङ्क्रमण देखिएको बताउनुभयो ।

उहाँका अनुसार काठमाडौँ उपत्यकाको ललितपुरमा ४१, भक्तपुरमा १७ र काठमाडौँ दुई सय अठार मा सङ्क्रमण देखिएको छ । सक्रिय सङ्क्रमितको सङ्ख्या तीन हजार नौ सय २९ रहेको छ । विगत २४ घण्टामा २०२ जना कोरोनाबाट निको भएर घर फर्किएका छन् ।

यस्तै सङ्क्रमणबाट एक जनाको निधन भएको छ । अहिलेसम्म होम आइसोलेसनमा तीन हजार सात सय ९४, संस्थागत आइसोलेसनमा एक सय ३५, सघन उपचार कक्ष ( आइसियु)मा ३२ र भेन्टिलेटरमा दुईजनाको उपचार भइरहेको छ । यसैगरी विगत २४ घण्टामा एक लाख एक हजार छ सयले कोरोना भाइरसविरुद्धको खोप लगाएका छन् ।

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# सूचना लुकाउने परीक्षा नियन्त्रकलाई जरिवाना

काठमाडौं, ११ साउन (रासस)। परीक्षा नियन्त्रण कार्यालय बल्खुका परीक्षा नियन्त्रक पुष्पराज जोशीलाई राष्ट्रिय सूचना आयोगले रु बीस हजार जरिवाना गर्ने निर्णय गरेको छ ।

मंगलबार प्रेस विज्ञप्ति जारी गर्दै प्रमुख सूचना आयुक्त महेन्द्रमान गुरुङ, आयुक्तद्वय कमला ओली थापा र रत्नप्रसाद मैनालीसहित बसेको आयोगको इजलासले सूचना नदिएको भन्दै सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ को उपदफा १ बमोजिम जरिवाना हुने निर्णय गरेको हो ।

रौतहट मलोहिया-५ का राजीव दासले गरेको पुनरावेदनमा सूचना आयोगले उक्त फैसला गरेको हो । दासले परीक्षा नियन्त्रण कार्यालय बल्खुसँग चिकित्सक शास्त्रको अध्ययन कति वर्षसम्म पूरा गर्नुपर्ने हो ? यससम्बन्धी व्यवस्था कस्तो छ ? लगायतको सूचनाको प्रमाणित प्रतिलिपि माग गर्नुभएको थियो ।

सूचनाको हकसम्बन्धी ऐन २०६४, अनुसार उक्त कार्यालयसँग माग गरेको सूचना नपाएपछि सूचना मागकर्ता दासले कानुनअनुसार राष्ट्रिय सूचना आयोगमा सूचना नदिने प्रमुख र सूचना अधिकारीलाई विपक्षी बनाई पुनरावेदन दर्ता गर्नुभएको थियो ।

पुनरावेदन दर्तापछि कार्यालय प्रमुख जोशीलाई सूचना उपलब्ध गराउनु भन्दै आयोगबाट पटक-पटक आदेश भएको, कारबाहीका बारेमा सजग गराइएको साथै चेतावनी दिँदासमेत प्रमुखले सूचना नदिएको आयोगद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

निज कार्यालय प्रमुखले सूचना उपलब्ध नगराइ संविधान प्रदत्त नागरिक अधिकार र कानुनले व्यवस्था गरेको सूचनाको हकको ठाडो उल्लङ्घन गरेको भन्दै आयोगले जरिवानाको निर्णय गरेको हो ।

सूचना आयोगले कार्यालय प्रमुखलाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ को उपदफा (१) बमोजिम रु २० हजार जरिवाना हुने र सूचना उपलब्ध गराउनुपर्ने फैसला गरेको राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त गुरुङले जानकारी दिनुभयो ।

आयोगले गरेको जरिवाना फैसला कार्यान्वयनका लागि सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ६ (७) बमोजिम जरिवाना असुलउपर गरी आयोगलाई जानकारी दिनु भन्दै जिल्ला प्रशासन कार्यालयलाई पठाउने आदेश दिएको छ ।

साथै पुनरावेदकले मागेको सूचना उपलब्ध गराउनु, परीक्षा नियन्त्रक जोशीलाई विभागीय कारबाही गरी आयोगलाई जानकारी दिनु भन्दै त्रिभुवन विश्वविद्यालयका उपकुलपतिलाई लेखी पठाउने आदेश पनि आयोगले दिएको छ ।

आयोगको निर्णयउपर चित्त नबुझेमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३४ बमोजिक जानकारी पाएको मितिले ३५ दिनभित्र उच्च अदालतमा पुनरावेदन गर्न जानु भन्दै आदेश जारी गरिएको गुरुङले बताउनुभयो ।

# एक वर्षमा भित्रियो एक हजार ८०७ विद्युतीय गाडी

काठमाडौं, ११ साउन (रासस)। सरकारले विद्युतीय गाडी आयातमा लाग्ने भन्सार तथा अन्तशुल्कमा छुट दिएपछि एक वर्षमा नेपालमा झन्डै दुई हजार विद्युतीय गाडी भित्रिएका छन् ।

भन्सार विभागले सार्वजनिक गरेको गत आर्थिक वर्ष २०७८/७९ को तथ्याङ्कअनुसार एक वर्षमा एक हजार ८०७ वटा विद्युतीय चारपाङ्गे सवारीसाधन नेपाल भित्रिएको हो ।

अघिल्लो आर्थिक वर्ष २०७७/७८ मा २६१ मात्रै विद्युतीय चारपाङ्गे सवारी आयात भएकामा गत आर्थिक वर्ष उल्लेख्यमात्रामा वृद्धि भएको छ । अघिल्लो आर्थिक वर्षसम्म न्यूनमात्रामा नेपाल भित्रने गरेको विद्युतीय गाडीमा सरकारले गत आर्थिक वर्षको बजेटमार्फत भन्सार र अन्तशुल्कमा छुट दिएको थियो । सरकारले बजेटमार्फत नै भन्सार तथा अन्तशुल्कमा छुट दिएपछि नेपाल भित्रने विद्युतीय गाडीको सङ्ख्यामा वृद्धि भएको व्यवसायी बताउँछन् ।

भन्सार विभागले हालै सार्वजनिक गरेको एक वर्षको तथ्याङ्कअनुसार नेपालमा सबैभन्दा धेरै विद्युतीय गाडी चीनबाट भित्रिएका छन् । चीनबाट १०० किलोवाटका १६७ र १५० देखि २०० सम्म किलोवाट क्षमताका ६९६ गरी ८२३ वटा गाडी नेपाल भित्रिएका हुन् ।

चीनपछि भारतबाट धेरै विद्युतीय गाडी नेपाल भित्रिएका छन् । भारतबाट १०० किलोवाट क्षमताका ६९६, दक्षिण कोरियाबाट १०० किलोवाट क्षमताको १३२ र फ्रान्सबाट एक वटा गाडी नेपाल भित्रिएका छन् ।

यस्तै युकेबाट १०० देखि १५० किलोवाट क्षमताका १३, दक्षिण कोरियाबाट १०० देखि २०० किलोवाट क्षमताका ५२ वटा, जापानबाट ७८, बेलायतबाट चार वटा गाडी नेपाल आएका छन् ।

युकेबाट २०० देखि ३०० किलोवाट क्षमताका चार र युकेबाटै ३०० क्षमताभन्दा माथिका दुई वटा विद्युतीय गाडी नेपाल भित्रिएका हुन् । एक वर्षको अवधिमा एक हजार ८०७ वटा विद्युतीय गाडी नेपाल भित्रँदा रु एक अर्ब ४३ करोड ९२ लाख बराबर राजस्व सङ्कलन भएको छ ।

सरकारले देशमा विदेशी मुद्रा सञ्चितिमा कमी भएको भन्दै डिजेल तथा पेट्रोलबाट सञ्चालित गाडी आयातमा रोक लगाउँदा तथा बजेटमा छुट दिँदा विद्युतीय गाडी आयातमा वृद्धि भएको व्यवसायीले बताएका छन् । नाडा अटोमोबाइल्स एसोसिएसन अफ नेपाल (नाडा) ले डिजेल तथा पेट्रोलबाट सञ्चालित गाडीमा सरकारले पूर्णरुपमा प्रतिबन्ध लगाउँदा विद्युतीय गाडी आयातमा वृद्धि भएको जनाएको छ ।

# एसइईको नतिजा सार्वजनिक

भक्तपुर, ११ साउन (रासस)। राष्ट्रिय परीक्षा बोर्डले बुधबार अपराह्न माध्यमिक शिक्षा परीक्षा (एसइई) २०७८ को नतिजा सार्वजनिक गरेको छ । बोर्डले एसइई परीक्षा नियन्त्रण कार्यालय सानोठिमीमा आयोजना गरेको पत्रकार सम्मेलनमा बोर्डका सदस्य सचिव दुर्गाप्रसाद अर्यालले परीक्षामा सहभागीमध्ये चार लाख ९५ हजार सात सय ५१ परीक्षार्थीको नतिजा सार्वजनिक गर्नुभएको हो ।

सदस्य सचिव अर्यालले यस वर्ष उच्च श्रेणीमा उत्तीर्ण हुने विद्यार्थी एक दशमलव ९४ प्रतिशत रहेको बताउनुभयो । उच्च श्रेणी ३ दशमलव ६ देखि ४ जिपिए ल्याउने नौ हजार छ सय ३३ अर्थात् १ दशमलव ९४ प्रतिशत छन् ।

त्यस्तै, ४१ हजार छ सय २७ विद्यार्थीले ३ दशमलव २ देखि ३ दशमलव ६ जीपीए, ६९ हजार नौ सयले २ दशमलव ८ देखि ३ दशमलव २ जीपीए ल्याएका छन् । ९० हजार ७५८ जनाले २ दशमलव ४ देखि २ दशमलव ८ जीपीए ल्याएका छन् ।

त्यस्तै एक लाख १२ हजार सात सय ३३ विद्यार्थीले २ देखि २ दशमलव ४ जीपीए, एक लाख पाँच सय ९४ जनाले १ दशमलव ६ देखि २ जीपीए, ४४ हजार पाँच सय ८६ विद्यार्थीले १ दशमलव २ देखि १ दशमलव ६ जीपीए र तीन हजार दुई सय ८० विद्यार्थीले ० दशमलव ८ देखि १ दशमलव २ जीपीए ल्याएको उहाँले जानकारी दिनुभयो ।

सदस्य सचिव अर्यालले यस वर्ष १ दशमलव ९४ प्रतिशतले ३ दशमलव ६ देखि ४ जिपिए, ८ दशमलव ४० प्रतिशतले ३ दशमलव २ देखि ३ दशमलव ६ जिपिए, १४ दशमलव १० प्रतिशतले २ दशमलव ८ देखि ३ दशमलव २ जीपीए, १८ दशमलव ३१ प्रतिशतले २ दशमलव ४ देखि २ दशमलव ८ जीपीए ल्याएका छन् ।

त्यस्तै २२ दशमलव ७४ प्रतिशतले २ देखि २ दशमलव ४ जीपीए, २० दशमलव २९ प्रतिशतले १ दशमलव ६ देखि २ जीपीए, ८ दशमलव ९९ प्रतिशतले १ दशमलव २ देखि १ दशमलव ६ जीपीए र ० दशमलव ६६ प्रतिशतले ० दशमलव १ देखि १ दशमलव २ जीपीए ल्याएको उहाँले जानकारी दिनुभयो ।

परीक्षामा २२ हजार छ सय ४० अर्थात् ४ दशमलव ५७ प्रतिशत परीक्षार्थी अनुपस्थित रहेको सदस्य सचिव अर्यालले जानकारी दिनुभयो ।

त्यसैगरी प्रदेशतर्फ प्रदेश नं १ मा १७ दशमलव ४ प्रतिशत, मधेस प्रदेशमा १५ दशमलव ५ प्रतिशत, वाग्मती प्रदेशमा २१ दशमलव ६७ प्रतिशत, गण्डकी प्रदेशमा ९ दशमलव ३० प्रतिशत, लुम्बिनी प्रदेशमा १७ दशमलव ४५ प्रतिशत, कर्णाली प्रदेशमा ७ दशमलव ५३ प्रतिशत र सुदूरपश्चिम प्रदेशमा ११ दशमलव ५ प्रतिशत विद्यार्थीको नतिजा सार्वजनिक गरिएको छ ।

# विश्व समाचार

## चीनद्वारा ६ वटा नयाँ उपग्रह प्रक्षेपण

जिउक्वान, ११ साउन (रासस/सिन्ह्वा)। चीनले छ वटा नयाँ उपग्रह प्रक्षेपण गरेको छ । यहाँस्थित उपग्रह प्रक्षेपण केन्द्रबाट ती उपग्रह बुधबार अन्तरिक्षमा पठाइएको हो ।

अन्तरिक्ष प्रविधि परीक्षण उपग्रह र वायुमण्डलीय घनत्व जाँच गर्ने नयाँ परीक्षण उपग्रहसहित ती उपग्रह प्रक्षेपण गरिएको तथा तिनले सफलतापूर्वक कक्षमा प्रवेश गरेका छन् । यससँगै चिनियाँ विज्ञान प्रतिष्ठानले स्वतन्त्ररूपमा विकास गरेको लिजियान-१ को उपग्रह प्रक्षेपणको लक्ष्य हासिल भएको छ ।

## काङ्ग्रेस नेत्री सोनिया गान्धीको बयान जारी

नयाँदिल्ली, ११ साउन (रासस/एएनआई)। नेशनल हेराल्ड अखबारसँग सम्बन्धित मुद्दामा काङ्ग्रेस नेत्री एवम् अन्तरिम अध्यक्ष सोनिया गान्धीलाई मुद्रा निर्मलीकरण,विदेशी मुद्रा कारोबार, कर छलिलगायत विषयमा अनुसन्धान गर्ने निकाय इन्फोर्समेन्ट डाइरेक्टोरेट (इडी)ले बुधबार पनि सोधपुछ गरेको छ ।

इडीले तेस्रो चरणको बयानका निम्ति नेत्री गान्धीलाई बोलाएपछि उनी आफ्नी छोरी प्रियङ्का गान्धीका साथ इडीमा उपस्थित भएकी थिइन् । इडीका अधिकारीले ७५ वर्षीया गान्धीलाई मङ्गलबार छ घण्टाभन्दा बढी समय बयान लिएका थिए । नेसनल हेराल्ड अखबार र अनुसन्धानमा रहेको कम्पनी यङ्ग इन्डियन प्रालिमा उनको संलग्नताका बारेमा ३० वटा प्रश्नको जवाफ मागिएको थियो ।

यसैबीच, काङ्ग्रेस कार्यकर्ताले नेत्री गान्धीमाथि गरेको सोधपुछको विरोधमा प्रदर्शन गरेका छन् । राजस्थानका मुख्यमन्त्री एवम् काङ्ग्रेस नेता अशोक गहलोतले देशमा इडीको आतङ्क फैलिएको टिप्पणी गर्दै सर्वोच्च अदालतबाट समयमै निर्णय हुनुपर्नेमा जोड दिएका छन् ।

काङ्ग्रेस कार्यकर्ताले इडीको पार्टीको अन्तरिम अध्यक्षको ईडीको सोधपुछको विरोध गर्दै मुम्बईको बोरिवली रेलवे स्टेशनमा रेल रोक्न प्रयास गरेका छन् । इडीले शक्तिको दुरूपयोग गरी विपक्षी दलकी नेत्री गान्धीलाई दुःख दिएकामा काङ्ग्रेसका कार्यकर्ताले देशव्यापीरूपमा विरोध प्रदर्शन गरिरहेका छन् ।

## भारतमा अठार हजारभन्दा बढीमा कोरोना सङ्क्रमण

नयाँदिल्ली, ११ साउन (रासस/सिन्ह्वा)। बितेका २४ घण्टामा देशका विभिन्न भागमा १८ हजार तीन सय १३ जनामा कोभिड-१९ सङ्क्रमण पुष्टि भएको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले बुधबार जनाएको छ ।

हाल भारतमा कोरोना सङ्क्रमितको सङ्ख्या करिब चार करोड ३९ लाख ३८ हजार ७६४ पुगेको छ । देशभर एक लाख ४५ हजार २६ सक्रिय सङ्क्रमित छन् ।

सोही अवधिमा २० हजार सात ४२ सङ्क्रमणमुक्त भएका छन् । योसँगै कोरोना सङ्क्रमणमुक्त भएकाको सङ्ख्या चार करोड ३२ लाख ६७ हजार पाँच ७१ हजार पाँच पुगेको छ ।

मन्त्रालयले जारी गरेको पछिल्लो विवरणअनुसार कोरोना सङ्क्रमणबाट ५७ जनाको मृत्यु भएको छ । यो सँगै कोरोनाबाट पाँच लाख २६ हजार एक सय ६७ जनाको मृत्यु भएको छ ।

महामारी शुरु भएयता ८७ करोड ३६ लाखभन्दा बढीको परीक्षण गरिएको छ । सन् २०२१ को जनवरी १६ देखि देशभर कोभिड-१९ विरुद्ध खोप अभियान जारी छ । अभियानअन्तर्गत हालसम्म दुई अर्ब ९१ लाख मात्राभन्दा बढी खोप लगाइएको छ ।

## चटचाङ र वर्षाका कारण २६ जनाको मृत्यु

नयाँदिल्ली, ११ साउन (रासस/सिन्ह्वा)। पूर्वीराज्य बिहारमा चटचाङ र वर्षाजन्य घटनामा परी कम्तीमा २६ जनाको मृत्यु भएको छ भने अन्य नौ जना घाइते भएका सरकारी सञ्चारमाध्यम अल इन्डिया रेडियोले जनाएको छ ।


मङ्गलबार देशका आठ जिल्लामा मेघगर्जन र चटचाङसहितको भारी वर्षाले जनजीवन प्रभावित भएको थियो । चटचाङ लागेर ज्यान गुमाउनेमा अधिकांश खेतमा काम गरिरहेका किसान छन् ।

कैमुरमा सबैभन्दा बढी नौ जनाको मृत्यु भएको छ भने भोजपुर, पटना, जेहानाबाद, रोहतश, औरङगाबाद, अरवाल र सिवान जिल्लामा १७ जनाको मृत्यु भएको समाचार रेडियोले प्रसारण गरेको छ ।

आगामी ४८ घण्टामा देशका विभिन्न स्थानमा मेघगर्जन र चटचाङसहित वर्षाको सम्भावना रहेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

बिहारका मुख्यमन्त्री नितिश कुमारले घटनाप्रति दुःख व्यक्त गर्दै पीडित परिवारलाई आर्थिक सहयोगको घोषणा गरेका छन् ।

मुख्यमन्त्रीले मृतकका परिवारजनलाई रू चार लाख दिने घोषणा गरेका विहार राज्य सरकारका प्रवक्ताले बताएका छन् ।

डा. आदर्श कुमार सिंह
Dr. Adarsh Kumar Singh

MBBS, MD TU
NMC Reg. No. : 9413
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग

सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774 / Mo. No : 9819721526, 9852820734

# समाजसेवी एवं शान्तिकामी सिंहको सम्झना




**दैनिक समाचारदाता**
**राजविराज, ११ साउन ।**
समाजसेवी एवं शान्तिकामी स्व. डा. नागेश्वर प्रसाद सिंहको १२ औं स्मृति दिवसको अवसरमा बुधबार एक कार्यक्रमको आयोजना गरिएको छ ।

नेपाल विश्व शान्ति समितिद्वारा आयोजित कार्यक्रममा स्व. सिंहको योगदान बारे चर्चा गर्दै सम्झना गरिएको हो । सो अवसरमा स्व. सिंहको तस्विरमा माल्यार्पण तथा पुष्पगुच्छा अर्पण गर्दै सहभागि वक्ताले जुझारु र निष्ठावान व्यक्तित्वका धनी स्व. सिंहको निधनले मुलुकलाई अपूर्णीय क्षति पुगेको बताए ।

आयोजक समितिका महासचिव मधुबहादुर बिसिको अध्यक्षतामा आयोजित कार्यक्रममा मधेश मिडिया काउन्सीलका अध्यक्ष शिवहरि प्रसाद भट्टराई, प्रेस काउन्सील नेपालका पूर्वसदस्य एवं वरिष्ठ पत्रकार अनिलकुमार अनल, मधेश प्रदेश जेष्ठ नागरिक संघका अध्यक्ष शंकर सारदा, नागरिक समाज सप्तरीका अध्यक्ष थानसिंह भन्साली, महेन्द्र बिन्देश्वरी बहुमुखी क्याम्पसका प्रमुख राजिव मिश्रा, प्राध्यापक अशोककुमार सिंह, सामुदायिक प्रहरी सेवा केन्द्रका अध्यक्ष हितनारायण लाल दास, स्व. सिंहका जेठा छोरा समेत रहेका राजविराज नगरपालिकाका पूर्व मेयर गोबिन्द सिंह लगायतले श्रद्धाञ्जली अर्पण गर्दै स्व. सिंहको योगदानको स्मरण गरे ।

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका पूर्खौली घर भई हाल राजविराज ३ मा बसोवास गर्दै आएका सिंहको ८५ वर्षको उमेरमा निधन भएको थियो । सिंह २०१६ सालको प्रथम आमनिर्वाचनमा सप्तरीको क्षेत्र नं. ३६ बाट प्रतिनिधिसभा सदस्य पदमा निर्वाचित भई २०१७ सालमा डा. तुलसी कोइराला नेतृत्वको सरकारमा स्वास्थ्य मन्त्री समेत भएका थिए । उनी नेपाल रेडक्रस सोसाइटी र लायनस क्लवका संस्थापक सदस्य समेत हुन् । उनको २०६७ साल साउन २ गते निधन भएको थियो ।

# एक हजार ३ सय ३१ व्यापारिक फर्म कारबाहीमा

काठमाडौँ, ११ साउन (रासस) ।
वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले अनुचित व्यापारिक क्रियाकलाप गर्ने एक हजारभन्दा बढी फर्मलाई कारबाही गरेको छ ।

विभागले गत आर्थिक वर्ष २०७८/७९ को एक वर्षको अवधिमा एक हजार ३३१ व्यापारिक फर्म/कम्पनी तथा उद्योगलाई कारबाहीस्वरुप आर्थिक जरिवाना गरेको हो । यसबाट रु एक करोड ८१ लाख ९६ हजार राजस्व सङ्कलन भएको छ । अनुगमन गरिएका फर्ममध्ये झन्डै आधा फर्मलाई कारवाहीस्वरुप जरिवाना गरिएको विभागका निर्देशन हरि पङ्गेनीले जानकारी दिनुभयो ।

उहाँले सामान्य गल्ती गर्ने फर्मलाई एकपटक सुधारको मौकासमेत दिइने गरिएको बतायनुभयो । यसअवधिमा विभागले तीन हजार १४७ फर्मको अनुगमन गर्दा ३१२ फर्ममात्र सामान्य अवस्थामा रहेको पाइएको थियो ।

एक हजार ७३ फर्ममा कैफियत देखिएपछि तत्काल सुधार गर्न निर्देशन दिइएको, ६८५ फर्मलाई आवश्यक कागजात वा स्पष्टीकरण पेश गर्न निर्देशन, ३३ फर्मबाट परीक्षण गर्न वस्तुको नमूना सङ्कलन, साधनसहित तीन जना प्रक्राउ र १३ फर्मको कारोबार रोक्का गरी सिलबन्दी गरिएको थियो ।

यस्तैगरी उक्त अवधिमा विभागले खान अयोग्य वा म्याद सकिएकाले रु ५४ लाख लाख ८२ हजार ७११ मूल्य बराबरको वस्तु तत्कालै नष्ट गर्न लगाइएको थियो । विभागले सार्वजनिक गरेको तथ्याङ्कअनुसार गत आर्थिक वर्ष सबैभन्दा धेरै कारवाही खाद्यान्न तथा किराना पसललाई गरिएको छ । एक वर्षको अवधिमा ८३८ वटा खाद्यान्न तथा किराना पसलको अनुगमन गर्दा ४२९ फर्मलाई आर्थिक जरिवाना गरिएको हो ।

यस्तै, ११९ फार्मेसी पसलको अनुगमन गर्दा ३९, २३३ कस्मेटिक तथा कपडा पसलको अनुगमन गर्दा २५ पसललाई कारवाहीस्वरुप आर्थिक जरिवाना गरिएको उल्लेख छ । यस्तैगरी, ४ स्टेशनरी, तीन सर्जिकल हाउस, २९ वटा अण्डा तथा मासु पसल, पाँच वटा मार्ट, छ वटा फ्युल तथा कोइला पसल, १७ वटा ग्यास, नौ वटा चस्मा पसल, ११ वटा डिपार्टमेन्ट स्टोर, १४ वटा पानी उद्योग, १७ वटा मदिरा तथा पेय पदार्थ, ४३ वटा फलफूल तथा तरकारी पसल, १८ वटा दुग्धजन्य पदार्थ तथा बेकरी उद्योग र ६६० अन्य फर्मलाई कारवाही गरिएको निर्देशक पङ्गेनीले जानकारी दिनुभयो ।

उहाँका अनुसार विभागले नियमितरूपमा खाद्य तथा किराना, डिपार्टमेन्टल स्टोर, तरकारी तथा फलफूल, मासु, मदिरा, मार्ट, हार्डवेयर, मिठाइ तथा इलेक्ट्रोनिक्सलगायतका पसलको अनुगमन गर्दै आएको छ ।

विभागले दैनिक उपभोग्य वस्तुको गुणस्तर र मूल्यमा केन्द्रित भएर दैनिक बजार अनुगमन गर्ने गरेको जनाइएको छ । अनुगमनका क्रममा उपभोक्तासँग बढी मूल्य लिने, कृत्रिम अभाव सिर्जना तथा कालोबजारी गर्ने, म्याद सकिएका खानेकुरा बेच्ने तथा खरिद बिक्री बिल नराख्ने फर्मलाई रु पाँच हजारदेखि तीन लाखसम्म जरिवाना गरिएको विभागले जनाएको छ ।

# स्थानीय तहमा ४१ प्रतिशत युवा निर्वाचित

काठमाडौँ, ११ साउन (रासस) ।
गत वैशाखमा भएको स्थानीय तहको निर्वाचनमा ४१ दशमलव १४ प्रतिशत युवा निर्वाचित भएका छन् ।

निर्वाचन आयोगले सार्वजनिक गरेको तथ्याङ्कअनुसार २१ देखि ४० वर्ष उमेर समूहका युवा १४ हजार ४४२ अर्थात् ४१ दशमलव १४ प्रतिशत युवा निर्वाचित भएका छन् । प्रमुखमा ३७, उपप्रमुखमा ९५, अध्यक्षमा १०६, उपाध्यक्षमा दुई सय ३४ युवा निर्वाचित हुनुभएको थियो । नेपालमा १६ देखि ४० वर्ष उमेर समूहलाई युवा मान्ने गरिन्छ । वडाध्यक्षमा दुई हजार तीन सय १२, महिला सदस्यमा तीन हजार दुई सय ३३, दलित महिला सदस्यमा तीन हजार छ सय ६ र सदस्यमा चार हजार ८१९ निर्वाचित हुनुभएको छ । ४१ देखि ६० वर्षका ५२ दशमलव २७ प्रतिशत, ६१ देखि ८० वर्षका ६ दशमलव ५२ प्रतिशत र ८० भन्दा माथिका शून्य दशमलव ०४८ प्रतिशत निर्वाचित भएका छन् ।

आयोगका अनुसार ४१ देखि ६० वर्ष उमेर समूहका १८ हजार तीन सय ४७ र ६१ देखि ८० वर्ष उमेर समूहका ज्येष्ठ नागरिक दुई हजार दुई सय ९१ निर्वाचित हुनुभएको आयोगले जनाएको छ । यसैगरी ८० वर्षभन्दा माथिका १७ निर्वाचित हुनुभएको छ । वडाध्यक्ष तीन, चार दलित महिला सदस्य र १० वडा सदस्यमा निर्वाचित हुनुभएको छ । निर्वाचनमा कूल ३५ हजार ९७ जनप्रतिनिधि निर्वाचित हुनुभएको छ ।

# सप्तरीका क्रिकेटरहरु सम्मानित




**दैनिक समाचारदाता**
**राजविराज, ११ साउन ।**
हालै राजबिराजमा सम्पन्न महेन्द्र नारायण निधी प्रदेश स्तरी क्रिकेट प्रतियोगिताका बिजेता सप्तरीका टोलीलाई बुधवार एक कार्यक्रमका बिच नगद तथा प्रमाणसहित सम्मान गरिएको छ ।

राजविराज नगरपालिकाका कार्यवाहक नगरप्रमुख ईसरत परवीनको प्रमुख आतिथ्यतामा आयोजित सम्मान कार्यक्रममा बिजेता टोलीका खेलाडीहरु महवुव आलम, बिवेक यादव, रोहन बिक, राहुल मण्डल, अभिशेक कार्कि, रोहित सिंह, अमित यादव, अनिल यादव, निरज यादव, राज बर्मा, धिरज मण्डल, बिशाल यादव, नितेश यादव, अजय यादव र टिम व्यवस्थापक आशिष सिंहलाई नगद १२ हजार ५ सय तथा प्रमाणपत्र सहित सम्मान गरिएको हो ।

यस्तै कार्यक्रममा हालै सम्पन्न सप्तरी अम्पाएर तथा स्कोरर संघका निर्वाचित पदाधिकारीहरुलाई समेत प्रमाण पत्रसहित सम्मान गरिएको छ ।

कार्यक्रममा नेपाल पत्रकार महासंघ सप्तरीका अध्यक्ष श्रवण कुमार देव, नेपाल क्रिकेट संघका प्रमुख छनौटकर्ता दिपेन्द्र चौधरी, सिटिजन ईन्टरनेशनल बैंकका शाखा प्रबन्धक फिरोज अहमद, पत्रकार शौरव यादवलगायतको उपस्थिती रहेको थियो ।

बालबालिका, महिला, युवा तथा खेलकुद मन्त्रालयसँगको साझेदारीमा तथा मधेश क्रिकेट संघको सहयोगमा सप्तरी क्रिकेट संघद्वारा आयोजित प्रदेश स्तरी महेन्द्र नारायण निधी प्रदेश स्तरीय क्रिकेट प्रतियोगिता अर्न्तगत सप्तरीले सिरहालाई ६ बिकेटले पराजित गर्दै उपाधी जितेको थियो ।


**बाढी/पहिरोबाट सतर्क रहौं ।**

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं।
- भूकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं।
- भौगोलिक अवस्था विचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं।

भु-क्षयबाट बचौं र बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit
PRABHU Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेवसाइट** : rajbirajdainik.com.np